हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०३३१५१९२, ९८०३३१५१९३

बर्ष : ०१ अंक : ४६ पृष्ठ : ४ २०७७ भदौ १४ गते आइतबार (Sunday 30 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*वनको जग्गा सुकुम्बासीको नाममा किनबेच प्रकरण*

## १९ वर्षपछि गुमेको २ विघाभन्दा बढी जग्गा वन कार्यालयलाई फिर्ता





सिरहा । सिरहा जिल्ला अदालतले गरेको एक फैसलाका कारण १९ वर्ष अगाडि सुकुम्बासीको नाममा गुमेको दुई विघाभन्दा बढी जग्गा डिभिजन वन कार्यालयको नाममा पुनः फिर्ता भएको छ । अदालतको फैसलाको आधारमा जिल्ला प्रशासन कार्यालय सिरहाले भदौ ११ गते मालपोत कार्यालयबाट व्यक्तिको नाममा दर्ता गरिएको जग्गा बदर गरि सरकारी कायम गरेको छ । पुर्व पश्चिम राजमार्गको सिरहा खण्डको चोहर्वामा पर्ने साविक चन्द्रउदयपुर गाविसको वडा नम्बर ८क हाल गोलबजार नगरपालिका-९ स्थित पुर्व पश्चिम राजमार्गको दक्षिण किनारमा वन तथा वुट्यान क्षेत्र रहेको करिब ५० करोड मूल्य पर्ने कित्ता नम्बर ४२० को २ विघा ७ कठा १५ धुर जग्गा सिरहा जिल्ला अदालतले गत साउन २६ गते गरेको फैसलालाई आधार बनाई १९ वर्षपछि डिभिजन वन कार्यालयको नाममा फिर्ता आएको हो । उक्त जग्गा २०५८ साल असार १९ गते सुकुम्बासी समस्या आयोग जिल्ला समिति सिरहाले निर्णय गरि स्थानीय फौज बहादुर भट्ट क्षेत्रीलाई वितरण गरेको थियो । सोही जग्गा भट्टले २०७४ साल असोज २६ गतेका दिन मालपोत कार्यालय सिरहामा १५ लाख रुपैयाँको थैली राखी रजिष्ट्रेशन नम्बर २६६० बाट अनितादेवी साह र विना कुमारी चौधरीको नाममा संयुक्त नामसारी विक्री गरिदिएका थिए । साह र चौधरीको नाममा नामसारी हुने बेलामा जग्गा रहेको क्षेत्र हालको गोलबजार नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष रामपुकार कामतीले उक्त जग्गामा घरनक्सा नभएको भन्दै सिफारिस गरेका थिए ।


करोडौ मूल्य पर्ने उक्त जग्गा साह र चौधरीको नाममा खरिद गरि स्थानीय भूमाफियाले प्लटिंग गरी अकुत धन आर्जन गर्ने प्रयास गरेको भन्दै उक्त जग्गा विवादित अवस्थामा रहदै आएको थियो । भूमाफियाहरूले उक्त जग्गामा रहेको रूख तथा बुट्यानहरू काटेर प्लटिंग गर्ने प्रयास गर्दा स्थानीय बासिन्दा, गोलबजार नगरपालिका र डिभिजन वन कार्यालय लहानले पटक पटक अवरोध सिर्जना गर्दै आइरहेका थिए ।

रूख तथा बुट्यान समेत रहेको उक्त जग्गामा वन कार्यालयले समेत दाबी गर्न थालेपछि गोलबजार नगरपालिकाले उक्त जग्गा हालको जग्गाधनी साह र चौधरीको स्वामित्व बदर गरी सार्वजनिक कायम गर्न २०७५ असार ७ गते सिरहा जिल्ला अदालतमा निर्णय, दर्ता, लिखत बदर गरि सार्वजनिक कायम गर्न माग र जालसाजी गरी दुई वटा मुद्दा दर्ता गरेको थियो । गोलबजार नगरपालिकाले दिएको उक्त मुद्दाहरुमा एउटा वादी साह र चौधरीलाई सो जग्गा नामसारी गर्ने क्रममा घरबाटो नभएको सिफारिस दिने वडाध्यक्ष रामपुकार कामती समेत थिए ।

सोही मुद्दाको गत साउन २४ गते भएको सुनुवाइमा अदालतले गोलबजार नगरपालिकाले दर्ता गरेको उक्त मुद्दाको एउटा वादी विपक्षी जग्गाधनीहरू अनितादेवी साह र विणा कुमारी चौधरीको नाममा नामसारी गर्ने क्रममा घरबाटो नभएको सिफारिस दिने वडाध्यक्ष कामती समेत रहेकोले सो मुद्दा खारेज हुने फैसला गरेको थियो ।

सिरहा जिल्ला अदालतका जिल्ला न्यायाधीश योगेन्द्रप्रसाद साहको इजलासले गरेको उक्त फैसलाले वन कार्यालयले वन ऐन बमोजिम निर्णय गरि आ`नो स्वामित्वमा दर्ता गर्न सकिने आधार देखाएको थियो । अदालतले उक्त जग्गा

बाँकी ३ पेजमा



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

मिति: २०७७।०५।११

**सुकुम्वासी समस्या समाधान आयोग द्वारा २०५८ मा पूर्व पश्चिम राजमार्गको २-७-१५ जग्गा एकै व्यक्तिलाई दर्ता गराई पुन: नामसारी गरि दिएकोमा बदर गरि बनक्षेत्र नै कायम गरिएको ।**

सिरहा जिल्लाको साविक चन्द्रउदयपुर गा.वि.स. वडा नं. ८ क हाल गोलबजार न.पा. वडा नं. -९, पुर्व पश्चिम राजमार्गको दक्षिण किनारमा रहेको साविकमा बन बुटेन रहेको कित्ता नं. १२२ को सरकारी नाप नक्सा तथा दर्ता भएको बन क्षेत्रको जग्गा क्षेत्रफल २-९-३ मध्ये उत्तर तर्फबाट ०-१-८ क्षेत्रफल महेन्द्र राजमार्गमा परि बाँकी जग्गा कित्ताकाट भई कित्ता नं. ४२० को २-७-१५ कायम रहेको ।

यसरी सो कित्ता नं. ४२० को क्षेत्रफल २-७-१५ जग्गा तत्कालीन सुकुम्वासी समस्या समाधान आयोगले २०५८।०३।१९ मा निर्णय गरि एउटै व्यक्ति फौज बहादुर भट्ट क्षेत्रीको नाउँमा दर्ता गराई दिई सो व्यक्तिले रु १५,००,०००/- (रु. पन्ध्र लाख) थैली राखि २०७४।०६।२० का दिन मालपोत कार्यालय सिरहाको रजिष्ट्रेसन नं. २६६० बाट २ जना अनिता देवी साह र बिना कुमारी चौधरीको नाउँमा संयुक्त नामसारी बिक्री दर्ता गरि दिएको ।

यसमा सिरहा जिल्ला अदालतको (मुद्दा दर्ता नं. ३२-०७४-०२६६१(०७४-CP-१९५८ ) दायरी मिति २०७५।०३।०७) मिति २०७७।०४।२६ को निर्णय नं. १७ को अधिनमा रहि डिभिजन बन कार्यालय सिरहाको मिति २०७७।०५।११ को निर्णयले सो कित्ता नं. ४२० को क्षेत्रफल २-७-१५ जग्गा सरकारी बनक्षेत्रको कायम हुने निर्णय भई सरकारी जग्गा संरक्षण गर्न सफलता मिलेको ।

सुभाष चन्द्र दास
प्रमुख
डिभिजन बन कार्यालय
लहान, सिरहा

नक्कली कागजात तयार गरि मालपोत कार्यालय सिरहाबाट व्यक्तिको नाउँमा जग्गा दर्ता गराईएको देहायको जग्गा समेत मालपोत कार्यालय- सिरहाको मि.न. ६/०७७/०७८ र मिति २०७७।०४।२७ को निर्णय बाट बदर भई सरकारी कायम गरिएको ;

विनोद कुमार यादव - गा.वि.स. अयोध्यानगर वडा नं.७, राम खेलावन यादव -गा.वि.स. थल्हाकटहा वडा नं २. र विरेन्द्र कुमार यादव- गा.वि.स. सितापुर प्र.रा. वडा नं.-६ बस्ने ३ जना समेतको संयुक्त नाममा दर्ता भएको जिल्ला सिरहा गा.वि.स चन्द्रोदयपुर वडा नं.-७ ख कि.न. २४९ ज. बि. ०-१३-१० जग्गा ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी
सिरहा

## सिरहामा कोरोनाबाट मृत्यु हुनेको संख्या ७ पुग्यो

लहान । कोरोना भाइरस (कोभिड-१९)को संक्रमणबाट शुक्रबार राती सिरहाको लहान नगरपालिका १८ भदैयाको एक जनाको मृत्यु भएको छ । मृत्यु हुने ८४ वर्षीय वृद्ध हुन । योसँगै सिरहामा कोरोनाबाट मृत्यु हुनेको संख्या ७ पुगेको छ ।

मृतक वृद्धलाई मृगौलामा समस्या भएर प्रतिष्ठानको आकस्मिक कक्षमा भदौ ६ गते भर्ना गरिएको थियो । मेडिसिन वार्डमा सारेर उनको मिर्गौलाको डाइलासिस हुँदै थियो । भदौ ७ गते पीसीआर रिपोर्ट कोरोना पोजिटिभ देखिएपश्चात उनलाई तत्काल प्रतिष्ठानको कोभिड अस्पतालमा सारिएको थियो । मृगौलाका दिर्घरोगी भएका उनको स्वास प्रश्वासमा गम्भीर समस्या आएका कारण मृत्यु भएको जनाएको छ ।

शुक्रबार लहान नगरपालिका-९ की ६५ वर्षीया वृद्धको पनि विराटनगरमा कोरोना संक्रमणबाट मृत्यु भएको थियो । उनको शव नेपाली सेनाले कार्यविधि अनुसार व्यवस्थापन गरेका छन् । बिहिबार सुखीपुर नगरपालिका-८ का ६५ वर्षीय एक वृद्धको धरानमा कोरोनाबाट मृत्यु भएको थियो । त्यसैगरि ८ भदौमा लहान नगरपालिका-२४ का २२ वर्षीय पुरुष, ३ भदौमा मिर्चैया नगरपालिकाका ६० वर्षीय पुरुष, २९ साउनमा विष्णुपुर गाउँपालिकाका ४० वर्षीय पुरुष र २२ साउनमा गोलबजार नगरपालिकाका २३ वर्षीय पुरुषको मृत्यु भएको थियो ।

दुईदिनमा २६ नयाँ संक्रमित थपिए

सिरहामा शुक्रबार र शनिबार गरि दुई दिनमा २६

बाँकी ३ पेजमा

## समान्य विवादमा कांग्रेस–नेकपा–जसपा कार्यकर्ताबीच कुटाकुट

### २ प्रहरीसहित ३५ घाइते

लहान । सिरहाको सीमावर्ती भगवानपुर र बरियारपट्टि गाउँपालिकामा कांग्रेस, नेकपा र जसपाका स्थानीय कार्यकर्ताबीच समान्य विवादमै शनिबार र शुक्रबार राती कुटाकुट भएका छन् । त्यसमा दुई प्रहरीसहित दर्जनौं व्यक्ति घाइते भएका छन् । कोही स्थानीय अस्पतालमै उपचार गराएर घर फर्केका छन् भने कोही विराटनगर रेफर भएका छन् ।

शनिबार दिउँसो १२ बजेको गर्मी लागेको बेला भगवानपुर गाउँपालिका २ मा रूखको छहारीमा बस्ने विषयमा विवाद हुँदा कुटाकुट भएको प्रहरीले जनाएको छ । सोही विषयमा भएको कुटाकुटले दलीय रूप लिएको थियो । कुटाकुटमा संलग्नहरु नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी(जसपा)का कार्यकर्ता थिए ।

### कचनारी र भगवानपुरमा झडप

कुटाकुटमा दुवै पक्षको २२ जना घाइते भएका छन् । उनीहरूमध्ये अधिकांश थप उपचारका लागि लहानबाट विराटनगर रेफर गरिएको छ ।

नेकपाका दुनियालाल यादव र जसपाका जसिलाल यादव पक्षबीच कुटाकुट भएको गाउँपालिका अध्यक्ष बेचनप्रसाद यादवले जानकारी गराए । विस्तृत रूपमा आफुले पनि जानकारी खोजिरहेको उनले बताए । घाइते हुनेहरुमा दुनियालाल पक्षको ३५ वर्षीय सुखिलाल यादव, कुन्देश्वर, किशोर, जिगिन्द्र, विरेन्द्र, जिबछ, मिथिलेश, जुनियालाल, दिपक, संदिप, लालै, प्रदीप, उन्देश्वर, जोगी यादव छन् । उनीहरुमध्ये अधिकांशलाई टाउकोमा चोटपटक लागेको प्रहरीले

बाँकी ३ पेजमा

### विवाह सम्बन्धी व्यवस्था र पालिकाले यसका लागि गर्नुपर्ने सहजीकरण

स्तम्भ : पालिका बहस

पेज ४ मा

हार्दिक शुभकामना

सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



तेज नारायण चौधरी
वडा अध्यक्ष
लहान न.पा.-१५, ढोढना

# सम्पादकीय

## खेल क्षेत्रको जगेर्ना गरौ

खेलकुद क्षेत्र विकासको मेरुदण्ड हो । त्यसैगरि भौतिक पूर्वाधारलाई खेलकुद विकासको मेरुदण्ड मानिन्छ । खेलकुद गतिविधिलाई गतिशीलता दिन रचनात्मकता अनिवार्य रहेको हुन्छ । तर खेलकुद क्षेत्रको भौतिक पूर्वाधार विकास हुन नसक्दा नेपालको खेलकुद स्तर निरन्तर रूपमा घट्दै गैरहेको छ । विकास भनेको बाटोघाटो र पुल मात्र होइन, राष्ट्रिय समृद्धिको यात्रामा खेलकुदलाई उपेक्षा गरिनु दुःखद पक्ष हो ।

सन् १९७० को दशकमा अमेरिका स्थित हार्वड विश्वविद्यालयका खोजकर्ताहरुले तयार पारेको एक सोधले खेलकुद मनोरञ्जनको मात्र नभई समाजमा सांस्कृतिक र आर्थिक क्रान्तिको द्योतक रहने औल्याएको छ । आजको व्यापार युगमा खेलकुद क्षेत्र पनि वित्तमुखी र व्यावसायिक भएको छ । खेल क्षेत्रलाई पनि विकासका अन्य आधारस्तम्भहरूलाई जस्तै प्राथमिकताका साथ अगाडि बढाउनु आजको आवश्यकता हो । खेलकुद क्षेत्र जतिसुकै व्यावसायिक बन्दै गए पनि मुलुकमा नियमित प्रशिक्षण र खेल नहुँदा खेलाडीहरू धेरै समय खाली बस्नुपर्ने बाध्यता छ । जसले गर्दा उनीहरूमा नैराश्यको भाव उत्पन्न हुनुका साथै अन्य वैकल्पिक बाटो रोजेर खेल क्षेत्रलाई नै छोड्ने वा विदेश पलायन हुने गरेको इतिहासले देखाउँछ ।

विकसित र विकासशील राष्ट्रहरूमा खेलकुदको व्यवसायीकरण भई अर्थतन्त्रमा राम्रो योगदानसमेत गरेका छन् । विभिन्न अध्ययनले समेत यसको पुष्टि गरेका छन् । विश्वकप फुटबल, ओलम्पिक खेलकुद, महादेशीय खेलकुदलगायत ठूला खेलकुद प्रतियोगिता आयोजना गर्नका लागि विभिन्न राष्ट्रको प्रतिस्पर्धा केवल राष्ट्रिय गौरवका लागि मात्र नभएर यसमा बहुआयामिक पाटाहरू रहेका हुन्छन् । ठूला खेलकुदका महोत्सवहरूबाट भौतिक पूर्वाधारहरूमा लगानी वृद्धि हुने, रोजगारी सिर्जना हुने, पर्यटन क्षेत्रको विकास हुने, वैदेशिक लगानी वृद्धि भई अर्थतन्त्रमा गुणात्मक प्रभाव पार्ने गर्छ । यसर्थ खेलकुदले सामाजिक–आर्थिक क्रियाकलपमा बहुआयामिक प्रभाव पुऱ्याउँछ ।

खेलकुद क्षेत्रलाई राज्यले खासै राम्रो बजेट दिएको छैन । जसले गर्दा अधिकांश खेल संघ र खेलाडीले बारम्बार पीडित हुनुपर्ने स्थिति छ । खेलकुद परिषादसित आबद्ध खेल संघकै चुस्त र प्रस्ट नीति देखिन्न । मुलुकको राजनीतिको कालो छायाँले खेल जगतलाई अस्तव्यस्त बनाएको छ । सरकार फेरिएपिच्छे खेलकुदको नेतृत्व पनि परिवर्तन हुने रोग मुलुकको खेलकुद विकासमा तगारोका रूपमा रहेको छ ।

यस्तै खेलाडीलाई खेलबाटै हुने आयस्रोतबाट जीवनयापन सम्भव हुने वातावरण मिलाउन जरुरी छ । खेलकूदको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा योगदान गर्ने खेलाडी, प्रशिक्षक तथा खेल व्यवस्थापनको वर्गीकरण गरि उनीहरूको सामाजिक सुरक्षाको व्यवस्था गर्ने र खेलाडी तथा प्रशिक्षकका लागि रोजगारीको सुनिश्चितता दिने कार्यक्रम सञ्चालन गनुपर्ने आवश्यकता छ ।

देशले लामो राजनीतिक संक्रमण पार गरि अबका मुद्दा विकास र समृद्धिमा केन्द्रित भइरहँदा हाम्रा खेलकुदको विकासमा स्थानीय तहहरुले खेलकुदको गुरु योजना बनाएर अघि बढ्न जरुरी छ । गोलबजार नगरपालिकाले यसको सुरुवात गरेको छ । गोलबजार नगरपालिकाको यो कार्य सह्रानीय छ । अन्य पालिकाहरुले पनि गोलबजार नगरपालिकाबाट सिक्दै खेलक्षेत्रको जगेर्नामा ढिलाई गर्नु हुन्न ।

## पहाडे वा मधेसी भावनाले मुलुकको उन्नति हुँदैन

### बिपी कोइराला राजनीतिक अभिलेख

साथीहरू,

जय नेपाल !

हाम्रो मुलुकमा ठूलो परिवर्तन आएको कुरा मैले भनिरहनु पर्दैन । धेरै कालदेखि रहेको एकतन्त्रीय सरकार समाप्त भएर प्रजातान्त्रिक सरकारको सूत्रपात भएको छ । यो परिवर्तन अति छोटो र अति ठूलो भएको हुँदा धेरै यसको महत्व अझै बुझ्न सकेका छैनन् । त्यसो हुँदा राजनीतिक क्षेत्रमा भएको उथलपुथलअनुरूप हाम्रो सोच्ने प्रणाली परिवर्तन नआएको बुझिन्छ । हाम्रो मनोवृति राजनीतिक परिवर्तनभन्दा पहिलेको जस्तो रहयो भने हामीले लाग्न चाहेको प्रजातान्त्रिक बाटोमा कैयौं रूकावट आउँछन् ।

सबैभन्दा पहिले हामीले भित्री हृदयदेखि नै एकतन्त्री हुकुमी राज्यबाट स्वतन्त्र भएको अनुभव गर्न थाल्नुपर्छ । हाम्रो सोच्ने प्रणली स्वतन्त्रता प्राप्त गरेको मानिसको जस्तो हुनुपर्छ । हाम्रो मनोवृत्ति प्रजातान्त्रिक हुनुपर्छ । यथार्थमा अनि मात्र हालै भएको राजनीतिक परिवर्तनको महत्व हुन्छ । मेरो भनाइको तात्पर्य के हो भने हामीले स्वतन्त्रता पाएपछि त्यो स्वतन्त्रता उपभोग गर्न आफ्नो जिम्मेवारीको पनि बहन गर्नुपर्छ । एकतन्त्रीय सरकार हुँदा हाम्रो कर्तव्य थियो, एउटा जिम्मेवारी थियो । त्यो जिम्मेवारी भनेको त्यस एकतन्त्री सरकारलाई अविलम्ब समाप्त गर्नु थियो । तर स्वतन्त्रता प्राप्त भएपछि अब हाम्रो कर्तव्य अर्कै हुन जान्छ । त्यो जिम्मेवारी भनेको प्राप्त भएको स्वतन्त्रतालाई बचाउनु, प्रजातान्त्रिक बाटोपट्टि जान थालेको समाजलाई शान्तिपूर्ण रूपमा आगाडि बढ्न दिनु हो । प्रजातन्त्रमा विरोधी दल खडा हुन्छन, हुनु पनि पर्छ । तर विरोधी दल खडा हुनुको आधार व्यक्तिगत द्वेष र स्वार्थ हुनु हुँदैन । यस तरिकाबाट सोचेर आफ्नो बाटो पहिल्याउनुपर्छ ।

विरोध गर्दा पनि बुद्धिमानीपूर्ण तरिका अपनाउनुपर्छ । जाति–जाति, सम्प्रदाय–सम्प्रदायमा हिंसाको भावना जगाएर, विरोधको भावना ल्याएर देशमा अशान्ति ल्याएर सरकारलाई बदल्ने प्रयत्न गरियो भने प्रजातन्त्र कहिल्यै पनि स्थापना हुँदैन । सम्प्रदाय विशेषको भावना लिएर गरिने हिंसा र गुप्त संगठनबाट एकतान्त्रीय प्रणाली स्थापना हुन्छ । यो कुरा हामीले प्रस्टसंग भनै पर्छ । विभिन्न दल बन्नु आवश्यक भएको कुनै आधार देखिँदैन । सबैभन्दा पहिले हामीले नयाँ–नयाँ पार्टी बन्नु आवश्यक छ कि छैन भन्ने बुझेर जिम्मेवारीका साथ सोच्नुपर्छ । कुनै आधारमा नयाँ पार्टी बन्नु आवश्यक छ भने मात्र दल खडा गरेको खण्डमा राजनीतिक पार्टीहरू जिम्मेवारीका साथ काम गर्दछन् र दलहरूमा प्रजातान्त्रिक वातावरण पनि कायम रहन्छ ।

अन्तरिम सरकार गठन भएको धेरै समय भएको छैन । तपाईहरूलाई थाहा नै छ कि यस सरकारले विभिन्न दल बन्ने आवश्यक छ कि छैन । यदि छ भने कुनै आधारमा अनि मात्र खडा गरेको खण्डमा राजनीतिक पार्टीहरू जिम्मेवारीका साथ काम गर्छन् र दलहरूमा प्रजातान्त्रिक वातावरण कायम रहन्छ ।

अन्तरिम सरकार गठन भएको धेरै भएको छैन । यस सरकारले विभिन्न कठिनाईका बीच काम गर्नुपरेको छ भन्ने कुरा तपाईहरूलाई थाहा नै छ । तथापि, कठिनाई रहेपनि देशको कल्याणको लागि सरकारले गर्नुपर्ने काम भइरहुन् भन्ने प्रयत्न हामीले गरिरह्यौं । हामीले एउटा कुरा बुझ्नुपर्छ । पूर्ण प्रजातन्त्र त्यस समय मात्र आउँछ, जब वालिग मताधिकारबाट चुनिएका प्रतिनिधि रहेको विधान परिषद्ले देशको विधान तयार गर्नेछ । यो अन्तरिम सरकारको जिम्मेवारी र विधान परिषदको चुनाव अविलम्ब बोलाउनु हो । यसका निमित्त देशमा शान्ति रहनु र सरकारको शान्तिपूर्वक आफ्ना काम गर्न पाउनु आवश्यक छ । देशमा अशान्ति रह्यो भने विधान परिषद बन्ने अवधि पनि लम्बिदै जान्छ ।

यद्यपि, हाम्रो यस सरकारको पहिलो र मुख्य जिम्मेवारी भनेको विधान परिषदका निम्ति छिट्टै चुनाव गर्नु भए पनि तबसम्म हाम्रो जिम्मेवारी दैनिक सरकार चलाउनु पनि हो । दुई वर्षका लागि हाम्रो जिम्मामा प्रशासन रहेको छ । यस दुई वर्षको लागि, अर्थात, अन्तरिम सरकारको सबैभन्दा पहिलो कालका लागि कस्तो विधान राख्ने भन्ने विषयमा समेत छलफल भएर एउटा विधान तयार भइसकेको छ ।

त्यो विधान छिट्टै सार्वजनिक हुँदैछ । त्यस्तै, जनताको भलाइका लागि आर्थिक कार्यक्रम पनि बनिरहेको छ । सरकारी कर्मचारी र पल्टनका सिपाहीका लागि पनि सरकारले विशेष ध्यान दिइरहेको छ । पल्टनका सिपाहीको भलाइका निम्ति बसोबासको व्यवस्था र तलब बृद्धि गर्ने प्रबन्ध हुँदैछ । अरू जागिरदारको निम्ति पनि यस्तै किसिमको बन्दोबस्त हुँद छ ।

बुझ्नुपर्ने कुरा के हो भने हामीले पुरानो प्रणालीलाई समाप्त पारेर नयाँ प्रणालीमा गोलबन्द हुँदै जनतालाई भलाइ हुने काम गर्नुपरेको छ । अन्तरिम सरकारले आफ्नो जिम्मेवारी बुझेर पनि गरिरहेको छ । तर सरकारले सँधैभरि आशान्तिकै सामना गर्नु परिरह्यो भने हामी देशको उन्नतिको मार्गमा अगाडि बढ्न सक्तैनौं र सरकारको काम पनि अगाडि बढ्न सक्तैन ।

मैले अर्को एउटा कुरा पनि भन्नुछ । हामी नेपालमा बस्ने तमाम रैती–दुनियाँ नेपाली प्रजा हौं । यो हाम्रो देश नेपाल सबै रैती–दुनियाँको देश हो । त्यसैले सबैले मिलेर यस देशको उन्नति गर्नुपर्छ । यस मुलुकमा बस्ने हामी सबै दाजुभाइ हौं । हामी पहाडमा बस्ने भए पनि मधेसमा बस्ने भएपनि नेपाल चार भञ्ज्याङ्गभित्र बस्ने भए पनि, हाम्रो एउटै मुलुक हो । हामी एउटै माटोका मानिस हौं ।

हाम्रो देश राम्रो छ । हाम्रो देशमा थरी–थरीका मानिस बस्तछन् । यहाँ थरी–थरीका जातका मानिस छन् । हामी सबैमा देशको ममता हुनुपर्छ । हामीले पहाडे वा मधेसी भन्ने भावना ल्यायौं भने हाम्रो मुलुकको उन्नति हुँदैन । मुलुक एउटा नाउजस्ते हो । त्यसमा चढेर मानिसहरू नदी तर्छन । डुङ्गा चढेका मानिसहरू आपसमै लड्न थाले भने कस्तो गति हुन्छ ? डुङ्गा डुब्यो भने को बाँच्छ ? त्यस्तै, हामी रैती–दुनियाँ पनि आपसमा लड्यौं भने मुलुक बिग्रन्छ । र, मुलुक बिग्रियो भने हाम्रो पनि दुर्दशा हुन्छ । *(गोरखापत्र–मार्च १९५१)*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।


लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# भारतबाट आएका पतिलाई क्वारेन्टाइनमा बस्न आग्रह गर्दा मट्टीतेल छर्केर आगजनी

लहान । भारतको पन्जाबबाट फर्केका पतिलाई क्वारेन्टाइनमा बस्न आग्रह गर्दा सप्तरी सुरूंगा नगरपालिका–३ लक्ष्मीपुरका दीपेन सदाले श्रीमतीलाई मट्टीतेल छर्केर आगो लगाएका छन् । गाउँ–समाजमा आ´नो बेइज्जत गरेको भन्दै उनले ५ साउनमा श्रीमतीलाई आगो लगाएका थिए ।

आगजनीबाट गम्भीर घाइते भएकी वसन्ती सदाको स्वास्थ्य अवस्था झनै बिग्रिएपछि थप उपचारका लागि काठमाडौं लगिएको छ । उनलाई शनिबार दिउँसो लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालबाट काठमाडौंस्थित कीर्तिपुर अस्पताल लगिएको हो । सुरूंगा नगरपालिकाले एम्बुलेन्स उपलब्ध गराएपछि घाइतेका बाबु मनभरन सदा र आमा सोनावतीले काठमाडौं लगेका हुन् ।

गत ४ साउनमा २९ वर्षीय दीपेन सदा भारतको पन्जाबबाट नेपाल आएका थिए । उनीमाथि कोरोनाको आशंका गर्दै श्रीमतीले क्वारेन्टाइनमा जान सुझाब दिएकी थिइन् । आफूमाथि कोरोनाको आशंका गरेको भन्दै दीपेनले ५ साउन बिहान ११ बजेतिर मट्टीतेल छर्किएर आगो लगाइदिएको पीडितकी आमा सोनावतीले बताइन् ।

आगजनीबाट घाँटीमुनि र कम्मरमाथिको भाग जलेकी वसन्तीलाई तत्काल लहान ल्याएर सामान्य उपचार गरिएको थियो । भोलिपल्ट विराटनगर लगिए पनि नोबेल अस्पतालले भर्ना नलिएपछि पुनः फर्काएर घरमै ल्याएको आमा सोनावतीले बताइन् । घाइतेको अवस्था झनै गम्भीर भएपछि तीन दिन घरमै राखेर ८ साउनमा राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भर्ना गरेको आमा सोनावतीको भनाइ छ । 'अस्पतालमा कोरोना संक्रमणको उच्च जोखिम भयो भन्दै घर जान भनेपछि पुनः २५ साउनमा घर ल्याएर राख्यौं,' उनले भनिन्, 'छोरीको अवस्था नाजुक भएपछि १० भदौमा लहान ल्याएर उपचार गर्दै थियौं ।' लहान अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनील कुशवाहाले घाइतेलाई अस्पतालको आन्तरिक स्रोतबाट १० भदौदेखि सम्भव भएसम्मको उपचार गरेको बताए । उनले भने, 'उनको शरीरको ५५ देखि ६० प्रतिशत भाग जलेको छ । सुविधासम्पन्न ठाउँमा उपचार भए उनले पुनर्जीवन पाउने थिइन् ।'

उनको उपचारका लागि स्थानीय सरकार, सिराहाका महिलाअधिकारको क्षेत्रमा कार्यरत सामाजिक संघसंस्था र अमेरिका बसिरहेकी एक महिलाले आर्थिक सहयोग गरेका छन् । लहानस्थित समग्र जनउत्थान केन्द्रका कार्यकारी निर्देशक देवराज पोखरेलका अनुसार सुरूंगा नगरपालिकाले एम्बुलेन्स खर्च छुट दिएको छ भने मुक्ति नेपाल, हर्कोडेक, दलित जनकल्याण युवा क्लब, दलित महिला संघ, ओरेक नेपाल, अमेरिका बसिरहेकी सिराहाकी शर्मिला सिंहबाट तत्काल ६५ हजार रूपैयाँ संकलन भएको छ । 'घाइतेको लामो समयसम्म उपचार गर्नुपर्ने र थप रकम लाग्ने भएकाले त्यसका लागि पहल गर्दै छौं,' कार्यकारी निर्देशक पोखरेलले भने । सात वर्षीया छोरीकी आमासमेत रहेकी पत्नीलाई मट्टीतेल छर्केर आगो लगाई हत्या गर्न खोजेको आरोपमा पत्राउ परेका दीपेनलाई अदालतको आदेशमा कारागार चलान गरिएको छ । घटनालगत्तै पक्राउ परेका दीपेनविरूद्ध घाइतेकी बाबुले ज्यान मार्ने उद्योगमा जाहेरी दिएका थिए ।

प्रहरीले जाहेरीको आधारमा थप अनुसन्धान गरी राजविराजस्थित जिल्ला अदालतमा पेस गरेपछि पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको इलाका प्रहरी कार्यालय कडरबोनाका प्रमुख प्रहरी निरीक्षक रामराजा केसरीले बताए ।

## सामान्य ......

जनाएको छ । दुनियालाल वडा तथा न्यायिक समिति सदस्य हुन् । अर्को पक्ष जसिलाल यादवतर्फ ६० वर्षीय जसिलाल यादव, श्यामसुन्दर, संजिव, सन्तोष, देवचन्द्र, श्यामसुन्दर, बच्चालाल, फजिल र छविलाल यादव घाइत छन् । घाइते अधिकांशको टाउकोमा चोट लागेको छ । उनीहरूलाई लहानबाट विराटनगर रेफर गरिएको छ । यसैगरी शुक्रबार राती सीमावर्ती बरियारपट्टि गाउँपालिका– १ कचनारी गाउँ स्थित जसपा र कांग्रेस कार्यकर्ताबीच धान खेतमा पानी पटाउने विषयमा विवाद हुँदा दुई प्रहरी सहित १३ जना घाइते भएका छन् । खेतमा पानी पटाउने विषयमा विवाद बढ्दै गएपछि कुटाकुट भएको थियो । विवादले दलीय रूप लिएको थियो । झगडा छुटाउन गएका दुई प्रहरी जवान समेत घाइते भएका छन् ।

स्थानीयका अनुसार तेस्रो व्यक्तिको खेतमा पानी तान्ने मोटर जडान गरिएको थियो । त्यही मोटरबाट गर्भु यादवले आफ्नो खेतमा पनि पानी पटाउदैं थिए । त्यहीबेला रामनाथ यादवको पक्षले पनि पानी पटाउने खोज्न थालेपछि विवाद भएको थियो । त्यहाँ कुटाकुटमा कांग्रेसका गर्भु यादव, सुरेन्द्र, विजयकुमार, रामउदगार, रामप्रकास, स्वस्तीकादेवी, रामजीवन यादव र मन्जु गिरी घाइतेका छन् । कुटाकुटमा जसपाका रामनाथ यादव, मिथिलेश, श्याम, दिनेश, सिकिन्द्रभगत यादव घाइते भएका छन् । झगडा छुटाउन गएका प्रहरी जवान देवकुमार यादव र राजेश सिंह घाइते भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । दुवै पक्षका घाइतेको लहान र सिरहा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको र कसैलेपनि उजुरी दर्ता नगराए जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी विनोद घिमिरेले जानकारी गराए ।

## वनको जग्गा ...

वन कार्यालयको स्वामित्वमा दर्ता



गर्न सकिने आधार सर्वोच्च अदालतको नेकाप २०६७ को अंक ६ निर्णय नम्बर ८३९४ को निवेदक इन्दु निरौला विरूद्ध जिल्ला वन कार्यालय मोरङ रहेको उत्प्रेशन र मौजुदा वन ऐन, २०४९ को दफा १६ लाई लिएको छ । फैसलामा उल्लेखित सोही आधारलाई टेक्दै डिभिजन वन कार्यालय सिरहा, लहानले गत भदौ ११ गते कि.नं. ४२० को दुई विघा सात कठा १५ धुर जग्गा सरकारी वनक्षेत्र कायम हुने निर्णय गरेको थियो । सोही निर्णय बमोजिम उक्त जग्गा मालपोत कार्यालय सिरहाले डिभिजन वन कार्यालय लहानको नाममा दर्ता गरेपछि उक्त जग्गा १९ वर्षपछि पुनः सरकारी वनको रूपमा परिणत भएको छ ।

## कोरोनाबाट......

जना नयाँ संक्रमित थपिएका छन् । बिपी कोराइला स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल धरानमा गरिएको परिक्षण रिर्पोटका अनुसार सिरहा नगरपालिका– १४ का १ जना, वडा नम्बर १५ का ४ जना, वडा नम्बर ७ का १ जनाको पीसिआर रिर्पोट पोजेटिभ देखिएको छ । यस्तै गजेन्द्र नरायण सिंह अस्पताल सप्तरीमा गरिएको परीक्षण रिर्पोटका अनुसार बिष्णुपुर गाउँपालिका–५ का १ जना, कोशी अस्पताल विराटनगरमा गरिएको परीक्षण रिर्पोट अनुसार गोलबजार नगरपालिकाका ६ जना गरि शनिबार मात्र यस जिल्लामा कुल १३ जनामा कोरोना भाइरस कोभिड–१९ को संक्रमण फेला परेको छ । ती मध्ये आठ जना महिला रहेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

शुक्रबार मिर्चैया नगरपालिकाका एक स्वास्थ्यकर्मी र सर्वसाधारण र नेपाली सेना गरि १३ जनामा संक्रमण पुष्टि भएको थियो । यो सँगै सिरहामा सक्रिय संक्रमितको संख्या १४१ पुगेको छ । हालसम्म २६६ जना निको भएर घर फर्किसकेका छन् ।


धनगढीमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा प्रदेश नं. २ नेपाल

धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी

अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।

२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।

३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत



कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

# विवाह सम्बन्धी व्यवस्था र पालिकाले यसका लागि गर्नुपर्ने सहजीकरण

## पालिका बहस

### अधिवक्ता सन्तोष कुमार सुवेदी




'विवाह' शब्द सुन्दैमा प्राकृतिक र नयाँ सम्बन्ध स्थापित गर्ने कडीको रूपमा चित्रित हुन्छ हाम्रो समाजमा । यसले नचिनिएका दुई परिवारलाई, दुई व्यक्ति (नर र नारी) लाई गाँसेको हुन्छ । जो प्रत्येक सुखदुखमा जीवनभरिको लागि कहिल्यै नछुट्टिने बन्धनमा बाँधिएका हुन्छन् । त्यसैले यो सम्बन्धलाई परापूर्वकालदेखि पवित्र र स्वच्छ सम्बन्धका रूपमा मानिंदै आएको छ ।

हाम्रो देश नेपालमा वैवाहिक सम्बन्धलाई मृत्युसम्मको सम्बन्धको रूपमा मानिएको छ । तर अधिकांश पाश्चात्य मुलुकमा भने यो सम्बन्धलाई एक किसिमको सम्झौताको रूपमा पनि अवलम्वन गरिएको छ । त्यसैले ती देशमा एउटै पतिका पत्नी फेरिरहेका हुन्छन् भने एउटै पत्नीका पति पनि फेरिरहेका हुन्छन् जसलाई त्यहाँको समाजले कुनै अनौठो मान्दैनन् । तर हाम्रो देशमा यस्तो खालको सम्बन्धलाई बर्जित मानिन्छ र समाजको दृष्टिमा यस्ता सम्बन्ध निषेधित नै छ । विवाहप्रति यही परम्परागत विश्वास र आधारलाई हाम्रो कानुनले पनि महत्वका साथ आत्मसात गरेको छ ।

विवाहको सम्बन्धमा हाम्रो देशको मुलुकी देवानी संहिता र मुलुकी फौजदारी संहितामा विस्तृत रूपमा उल्लेख छ । मुलुकी देवानी संहितामा विवाहसम्बन्धी व्यवस्थालाई पारिवारिक कानुन अन्तर्गत राखिएको छ भने मुलुकी फौजदारी संहितामा वैवाहिक व्यवस्थामा देखापर्ने अपराधिक कार्यलाई कसूरको रूपमा मानिएको छ । २०७५ भदौ १ गतेदेखि लागू भएको देवानी संहितामा पुरूष र महिलाबीच दाम्पत्य जीवन प्रारम्भ गर्न एक-अर्कालाई पति-पत्नीका रूपमा स्वीकार गरेमा विवाह भएको मानिएको छर । जुनसुकै किसिमबाट भएको भए पनि विवाहलाई सार्वजनिक गराउनुपर्छ भनी कानुनमा उल्लेख छर । प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने स्वतन्त्रता हुनेछ र । विवाह जुनसुकै किसिमबाट भएको भए पनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनुपर्नेछ भनी कानुनमा स्पष्ट व्यवस्था छर ।

पुरूष र महिलाले एक-अर्कालाई पति-पत्नीका रूपमा स्वीकार गर्न मञ्जुर गरेमा, कानुनबमोजिम पुरूष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा, पुरूष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा र २० वर्ष उमेर पूरा भएमा पुरूष र महिलाबीच विवाह हुन सक्ने व्यवस्था छर । महिला र पुरूषबाहेक अन्य लिङ्गका व्यक्तिको विवाहको सम्बन्धमा भने कानुन निर्माण हुन सकेको छैनर । त्यसलाई हालको कानुनको कमजोरीका रूपमा लिनुपर्ने हुन्छ । विवाह गर्ने व्यक्तिहरूको मञ्जुरीविना कसैले कसैको विवाह गर्न-गराउन हुँदैनर । विवाह गर्ने उमेर पूरा नभएका व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैनर ।

हाम्रो देशको कानुनले विवाह बदर हुनसक्ने व्यवस्था समेत गरेको छ । यदि पुरूष वा महिलाको मञ्जुरीबिना भएको विवाह भएमा, हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरूबीच विवाह भएमा बदर गराउन सकिने कानुनी रूपमा उल्लेख छर । तर त्यसमा आ̐नो जाति-समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न भने यो कानुनले बाधा पुऱ्याउँदैनर । दुई अवस्थामा विवाह स्वतः बदर हुन्छन्र । एउटा, २० वर्ष उमेर पूरा नगरी विवाह भएमा र अर्को, झुक्याएर विवाह गरे वा गराएमार । विवाह गर्दा केटा र केटीबीच जे-जस्तो अवस्था छ, त्यसबारे एक पक्षले अर्को पक्षलाई जानकारी दिएर मात्र विवाह गर्नुपर्छ र । विवाह गर्दा केटा र केटीबीच सहमति भई मञ्जुरीले विवाह गर्नुपर्छ भनी कानुनमा उल्लेख गरिएको छ र । यदि जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छन् भने त्यसलाई झुक्याई गरिने विवाह भनिन्छर । झुक्याई विवाह गरेको कारणबाट व्यक्तिलाई असर परेमा त्यस्तो विवाह बदर गराउन विवाह भएको मितिले ३ महिनाभित्र उजुर दिई मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछर ।

यदि विवाहको परिणामस्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछर । विवाह बदर भए पनि बच्चाले (पूर्ण अधिकार पहिचान तथा सम्पत्तिसम्बन्धी अधिकार) भने प्राप्त गर्नेछ र । महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्नेछन् र । यदि विवाहिता महिलाको थरको सम्बन्धमा कुनै प्रश्न उठेमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले आ̐नो पतिको थर प्रयोग गरेको मानिनेछर । पतिको थर प्रयोग गरेकी महिलाको सम्बन्धविच्छेद भएमा निजले चाहेमा निजका बाबु वा आमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्नेछिन्र ।

हाम्रो कानुनले वैवाहिक सम्बन्ध अन्त्य हुने व्यवस्था समेत गरेको छ । कानुनबमोजिम विवाह बदर भएमा, कानुन बमोजिम पति-पत्नीको सम्बन्धविच्छेद भएमा र पत्नीले कानुनबमोजिम सम्बन्धविच्छेद नहुँदै अर्को विवाह गरेमा वैवाहिक सम्बन्ध अन्त्य भएको मानिन्छर । कानुनले बालविवाह र बहुविवाहलाई समेत निषेध गरेको छ । २० वर्षभन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ र । यसलाई कानुनले अपराध मानेको छ । बालविवाहको उजुरी प्रहरी कार्यालयमा दिनुपर्छर । बालविवाह गर्ने-गराउने कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुन्छर । २० वर्ष नपुगी केटा र केटीले विवाह गरेर सन्तान जन्मेमा त्यस्तो सन्तानले बाबुआमाबाट अंश पाउनेछन् र । बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्छर ।

यस्तै, विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्नुहुँदैनर । कुनै पुरूष विवाहित हो भनी जानीजानी त्यस्तो पुरूषसँग कुनै महिलाले विवाह गर्नुहुँदैनर । यसरी वैवाहिक सम्बन्ध रहेको अवस्थामा पुनः विवाह गरेमा बहुविवाह हुन्छ र । बहुविवाहको अपराध भए-गरेको कुरा थाहा पाएको मितिले तीन महिनासम्ममा उजुरी गर्नुपर्नेछर । बहुविवाह गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र १० हजार रूपैयाँदेखि ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ र बहुविवाह स्वतः बदर हुन्छर । बहुविवाहमा संलग्न दोश्री पत्नीले पतिको सम्पत्तिबाट अंश पाउन सक्दिनन्र तर बहुविवाहको परिणामस्वरूप बच्चा जन्मिएमा जन्मिएको शिशुको कानुनबमोजिमको हकमा भने कुनै असर पर्ने छैन र । उसले आमाबाबुबाट अंश प्राप्त गर्नेछ भने जन्मदर्ता तथा नागरिकताको हकसमेत सुरक्षित हुनेछ र ।

यदि कुनै कारणवश पति र पत्नीबीच मतभेद भई सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था आइपऱ्यो भने स्थानीय पालिकामा रहेको न्यायिक समितिले त्यस्तो मतभेद हटाउन विशेष पहलकदमी गर्न सक्ने छ । यदि मतभेद हटेन भने पनि स्थानीय न्यायिक समितिले पति र पत्नीबीच हुने सम्बन्ध विच्छेदलाई मेलमिलापको माध्यमबाट निरूपण गर्न सक्नेछ ।

विवाह सम्बन्धी व्यवस्था मुलुकी देवानी संहिता र विवाहको मामिलामा देखापर्ने कसूर र त्यसवापत भोग्नुपर्ने दण्ड सजायको व्यवस्था मुलुकी अपराध संहितामा उल्लेख भए पनि विवाहको सम्बन्धलाई सुदृढ बनाउन तथा वैवाहिक सम्बन्धलाई मर्यादा र कानुनसम्मत् बनाउन स्थानीय पालिकाको महत्वपूर्ण योगदान रहन्छ । विवाह भइसकेपछि पुरूष र महिला दुवै आजन्म एक अर्कासँग बाँधिएका हुन्छन्, यस्तो अवस्थामा कसैगरी वैवाहिक सम्वन्धमा विचलन आयो भने ती दुवैको भविष्य अन्धकारमय हुन सक्छ भने समाजमा समेत त्यसले राम्रो छाप छोड्दैन । तसर्थ, यस्तो सम्बन्धलाई दीगो र मर्यादित बनाउन स्थानीय पालिकाहरूले विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ जसलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि निर्देशित गरेको छ । उक्त ऐनको दफा ११ को उपदफा ४(छ) मा विवाह भई आउने दम्पतिले व्यक्तिगत घटना दर्ता गर्नुपर्ने उल्लेख छ । यसका लागि स्थानीय पालिकाहरूले वैवाहिक सम्बन्धसम्बन्धी कानुनी सचेतना वडास्तरबाटै सञ्चालन गर्नुपर्ने हुन्छ जसलाई वडा कार्यालयको काम, कर्तव्य र अधिकार अन्तर्गत पनि राखिएको छ ।

वैवाहिक व्यवस्थालाई जसरी मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिताले संरक्षित र मर्यादित बनाएको छ, त्यसैगरी यसलाई जनजनसम्म पुऱ्याउनुपर्ने दायित्व स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नै निर्देशित गरेको छ । पालिकाहरूले यसका लागि टोल टोलमा कार्यक्रमहरु लिएर जानुपर्छ । अहिलेको बद्लिदो परिवेशमा बालविवाह, वहुविवाह र दाइजोप्रथा लगायतको सामाजिक कुरीति र अन्धविश्वासबाट समाजले अनेकौं किसिमको समस्या झेलिरहेको छ । ती सबै समस्यालाई चिर्न पालिकाहरु प्रतिबद्ध हुनुपर्छ ।

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय, सिरहा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)